प्रमाणित

बिष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८०।०३।३१ गते आइतबारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०७९।८०  वैठक सङ्ख्या: १९  समय : ११:००  स्थान: गाउँपालिका भवन

| क्र.स | पद | नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख वहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान वहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक वहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत वहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केसारमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी

| क्र.स | पद | नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासन/योजनाशाखा प्रमुख | रुपक अधिकारी | |
| २ | सूचना प्रविधि अधिकृत | यज्न कुमार बस्नेत | |
| ३ | कम्प्युटर अपरेटर | अमर कुमार श्रीवास्तव | |

सहयोगी कर्मचारी

| क्र.स | पद | नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी | दिलिप भुजेल | |

CamScanner

भुम्लु गाउँकार्यापालिका बैठक आ.व: २०७९।८० बैठक सङ्ख्या:१९ मिति २०८० असार ३१

प्रस्ताव नं. १: अघिल्लो बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएको निर्णयहरुको समिक्षा गरियो ।

प्रस्ताव नं. २: योजना, कार्यक्रमलाई अन्तिम रुप दिने सम्वन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको नगद मौज्दात १ करोड ५० लाख हुने अनुमान गरिएकोमा आ.व. २०७९।०८० को अन्त्य हुँदा यथार्थमा रु.६,६५,४७,७४८।७८ हुने देखिएकाले प्रत्येक वडामा रु.५ लाखका दरले बजेट थप गर्ने निर्णय गरियो र यसै अनुरुप वडा कार्यालयहरुलाई योजनाहरुको प्रस्ताव पेश गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै वडा न. १ को भूगोल र जनसङ्ख्या पनि ठुलो भएकाले सो वडालाई थप रु.१५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३: एम्बुलेन्सका लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकारबाट भन्सार छुट सूविधामा प्राप्त भएको एम्बुलेन्स खरिदका लागि दुलालेश्वर वातावरणीय क्लव र काभ्रे समाज कतारबाट प्राप्त भएको रु.११,००,०००।– को सहयोग ग्रहण गरी प्राप्त भएको एम्बुलेन्समा सो क्लव र समाजको नाम सौजन्य स्वरुप पालिका संगको संयुक्त सहयोगमा भनी उल्लेख गर्ने निर्णय गरियो । यसरी सहयोग गर्नु हुने सो क्लव र समाजलाई धेरै धन्यबाद दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४: करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन तथा म्याद थप सम्बन्धमा ।

निर्णय न. ४: प्रस्ताव न.४ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय,मातहतका वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुमा कार्यरत रहेका विभिन्न पदका सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको अन्तिम प्रतिवेदन प्राप्त भएपछि अन्तिम निर्णय गर्ने गरी गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५: आ.व. २०८०/०८१ को कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धमा ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाबाट आ.व. २०८०।०८१ को लागि तपशिल बमोजिमको कार्ययोजना सहितको काम अगाडी बढाउने निर्णय गरियो ।

भुम्लु गाउँकार्यपालिका बैठक आ.वः २०७९।८० बैठक सङ्ख्याः१९ मिति २०८० असार ३१

| क्र. सं. | बोलपत्र सम्बन्धी/उप भोक्ता/टोल विकास समिति | सर्वे इष्टिमेट, DPR तयार | आमभेला, उ.स. गठन | कायदिश/सम्झौता | कार्यान्वयन | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | | श्रावण, भदौ | श्रावण, भदौ, असोज | श्रावण, भदौ, असोज/कार्तिक | मंसिर देखि बैशाख सम्म | असोज देखि जेष्ठ सम्म |
| २ | वडा योजना | श्रावण, भदौ | श्रावण, भदौ, असोज | श्रावण, भदौ, असोज/कार्तिक | मंसिर देखि बैशाख सम्म | असोज देखि जेष्ठ सम्म |
| ३ | विषयगत शाखा | कार्ययोजना पेश तथा स्वीकृत श्रावण-१५ गते सम्म | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | भदौ देखि जेष्ठ सम्म |

प्रस्ताव नं. ६: वडा कार्यालय निर्माण सम्बन्धमा ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. १,२,३,९ र १० को वडा कार्यालय तथा भुम्लु २ को लप्सेखोला टारीसवाँरा लिफ्ट सिचाँई र डुम्रे वनटोल कृषि सडक निर्माणको जिम्मा लिएको फ्रेन्ड्स इन्भेष्टमेन्ट एण्ड कन्सट्रक्सन प्रा.लि. समयमा नै योजना सम्पन्न नगरेकाले उक्त कम्पनी संग गरिएको ठेक्का सम्झौता रद्द गरी सार्वजनिक खरिद र नियम अनुसार कारवाहीको प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

प्रस्ताव नं. ७: विविध सम्वन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपशिल बमोजिमका विषयहरु निर्णय गरियो

- आ.व. २०७९।८० को अन्त्यसँगै विविध कारणले भुक्तानी हुन छुटेको कुल रु.१,०५,००,०००।– (एक करोड पाँच लाख) को योजना तथा कार्यक्रमहरुको भुक्तानी अर्को आ.व भुक्तानी हुने गरी दायित्व स्थानान्तरण गर्ने निर्णय गरियो ।
- वरिष्ठ समाजसेवीका रुपमा चिनिनु भएका सुरज वैद्यलाई यस गाउँपालिकालाई प्रमुख सल्लाहकारको रुपमा नियुक्त निर्णय गरियो ।
- वडा नं. ८ निवासी दिपा शिवभक्तिको आर्थिक अवस्था कमजोर भएको र निजको खुट्टामा राखिएको स्टीलमा समस्या भई खुट्टामा ठूलो अप्रेशन गर्नुपर्ने भएकोले निजलाई गाउँपालिकाबाट रु.१,००,०००/- (एक लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०७९।८० बैठक सङ्ख्या:१९ मिति २०८० असार ३१

- वडा नं. ७ निवासी भरत परियार को आर्थिक अवस्था कमजोर रहेको र निजलाई मेरुदण्डको समस्या देखिएकोले निजको उपचारको लागि गाउँपालिकाबाट रु.८,०००/- (आठ हजार) सहयोग गर्ने निर्णय गरियो ।
- भुम्लु गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष लेख बहादुर श्रेष्ठ आफ्नै पहलमा ६०० लि. डिजेल सार्वजनिक काम गर्नका लागि ल्याउनु भएकोमा सोको अल्या गरी भुक्तानी गर्ने निर्णय गरियो ।
- भुम्लु गा.पा. वडा नं.८ को प्रकाश मा.वि. मा मिति २०८०/०३/२६ र २७ गते संचालन भएको वृहत् स्वास्थ्य शिविरमा लागेको विविध खर्च अल्या गरी भुक्तानी दिने निर्णय गरियो ।

विष्णु प्रसाद सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner